# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – २, संख्या –४, असोज ८ गते, २०७५ साल**


## भाग – २

## रातो माटो ब्यबस्थापन कार्यबिधि, २०७५

यस इस्मा गाउँपालिका क्षेत्र भित्र बिभिन्न स्थानहरुमा अवस्थित रातो माटो रहेका स्थान तथा खानीहरु लाई संरक्षण, सम्बर्धन र उपयोग गर्न बाञ्छनिय देखिएकोले, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) को बुदा नं ६ ले दिएको अधिकार र गाउँपालिकाको आर्थिक ऐन २०७५ बमोजिम इस्मा गाउँपालिकाले यो कार्यबिधि जारी गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यबिधिको नाम “रातो माटो ब्यबस्थापन कार्यबिधि, २०७५” रहेको छ ।

१.२ यो कार्यबिधि इस्मा गाउँपालिका बाट स्विकृत भएपछि प्रारम्भ हुनेछ।

२) **परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा-**

२.१ "गाउसभा" भन्नाले इस्मा गाउँसभा सम्झनु पर्दछ ।

२.२ "कार्यपालिका" भन्नाले इस्मा गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

२.३" समन्वय, सहजिकरण तथा अनुगमन समिति" भन्नाले यस कार्यबिधि बमेजिम गठन भएको समिति सम्झनु पर्दछ ।

२.४ "रातो माटो ब्यबास्थापन कार्यबिधि" भन्नाले यो कार्यक्रम कार्यान्यनका लागी बनेको कार्यबिधि सम्झनु पर्दछ ।

२.५ "सम्बन्धित पक्ष " भन्नाले रातो माटो उत्खनन् , सबारी साधनमा भर्ने, खन्याउने र ढुवानी संग सम्बन्धित ब्याक्ति वा संस्था सम्झनु पर्दछ ।

२.१) **स्थान र खानीको पहिचान** :यस आर्थिक बर्षको लागी रातो माटो भएको स्थान र खानीको पहिचान निम्न अनुसार हुनेछ -

२.१.१ हाल इस्मा गाउँपालिका वडा नं. ६ राङ्दाल चौर (साबिक अमरपुर गा.बि.स. वडा नं. १ अन्तरगत कित्ता नं. ७०८ को सार्वजानिक पर्ति जग्गा) मा रहेको खेल मैदानको छेउ बाट रातोमाटोको उत्खनन् गर्नुपर्नेछ ।

२.१.२ माटो उत्खनन् गर्ने समय बिहान ६:०० देखि बेलुका ७:०० सम्म मात्र हुनेछ ।

३) **उत्खनन गर्ने माटोको परिमाण** : यस आर्थिक बर्षको लागी अनुमानित २५०० घन मिटर माटो निकाल्न सकिनेछ ।

४) **कर्मचारी खटाउन सक्ने** : वडा कार्यालय बाट सिफारिस भइ आएको ब्याक्ति वा संस्था संग गाउँपालिकाको कार्यालयले बढीमा एक बर्षको लागी रातो माटो ब्याबस्थापनको सम्झौता गरी कर्मचारी खटाउन सकिनेछ ।

४.१ सम्झौतामा उल्लेख भएको पहिलो पक्षले दोस्रो पक्षलाई मासिकबैक दाखिला गरेको भौचरको आधारमा २०(बिस) प्रतिशत रकम उपलब्ध गराइनेछ । उक्त रकम मुल्य अभिबृदि कर बाहेकको रकमबाट उपलब्ध गराइनेछ ।

५) **घरयासी र ब्यबसायिक प्रयोजनको निर्धारण**: कुनैपनि संकलन सामाग्री (जस्तै बोरा,पलाष्टिक झोला, कार्टुन, डोको, डालो, सोली, थुन्से वा अन्य यस्तै ) मा बढीमा १०० (एकसय ) किलोग्राम सम्म रातो माटो संकलन गरी ढुवानी गरेमा सो कार्यलाई घरायासी प्रयोजन भनी कुनैपनि शुल्क लिइने छैन तर बिक्री

बितरण वा साटासाट गर्ने उद्देश्य राखी ढुवानी गरेमा सो कार्यलाइ ब्यबसायिक प्रयोजन मानिनेछ र सो कार्य गरेको पाइएमा प्रति किलोग्राम मुल्य अभिबृदि कर सहित रु. १ (एक) का दरले असुल उपर गरिनेछ ।

**६) ढुवानी साधनः**

६.१ माटो ढुवानी गर्दा ट्याक्टरको मात्र प्रयोग गर्न पाइनेछ ।

६.२ ट्रक र ट्रिपरको प्रयोग गर्न पाइनेछैन ।

**७) कर छल्न नपाइनेः**

७.१ कर छल्ने नियतले बोरा,पलाष्टिक झोला, कार्टुन, डोको, डालो, सोली, थुन्से वा अन्य यस्तै बस्तुमा माटो संकलन गरी कुनैपनि सवारी साधनमा ढुवानी गर्न पाइने छैन । यदि सो कार्य गरेको पाइएमा प्रति किलोगम्रम मुल्य अभिबृदि कर सहित रु १ (एक) का दरले रकम असुल गरिनेछ ।

**८) राजस्व वा रकमको निर्धारणः**

८.१ इस्मा गाउँपालिकाको आर्थिक ऐन २०७५ मा ब्यबस्था भए बमोजिम प्रति ट्याक्टर रु. १५०० ( अक्षेरुपी रु. एक हजार पाँच सय मात्र) हुनेछ ।

८.२ माथी उल्लेखित ८.१ बमोजिमको रकममा थप १३ प्रतिशत मुल्य अभिबृद्धि कर (VAT) लाग्नेछ । जस अनुसार प्रति ट्याक्टर जम्मा रु. १६९५ (अक्षेरुपी रु. एक हजार छ सय पन्चानब्बे) हुनेछ ।

**८.१ सुरक्षा सम्बन्धी ब्यबस्थाः-** रातो माटो उत्खनन् र सवारी साधनमा भर्ने कार्य गर्दा सम्बन्धित पक्षले नै आफ्नो सुरक्षाको प्रबन्ध आफैले नै गर्नुपर्नेछ । यदि असुरक्षित तरिकाले माटो उत्खनन् र सबारी साधनमा भर्ने कार्य गर्दा अप्रिय घटना घट्न गएमा सो को जबाफदेही सम्बन्धित पक्ष नै हुनुपर्नेछ ।

**९) प्रभाबित क्षेत्रमा कार्यकम सञ्चालन** :यस कार्यकमको कार्यन्वयनबाट गाउँपालिकालाई प्राप्त हुने राजस्व मध्ये बाट प्रभाबित क्षेत्रको बिकासका लागी आबश्यक रकमको बिनियोजन गर्ने ब्यबस्था गरिनेछ ।

१०) **समन्वय, सहजिकरण, अनुगमन समिति गठनः-** कार्यक्रम कार्यान्वयन सम्बन्धी आबश्यक व्यवस्था गर्न देहाय बमोजिमको समिति रहनेछ-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) वडा नं ६ का वडाध्यक्ष | सदस्य |
| (घ) कार्यपालिका महिला सदस्य | सदस्य |
| (ङ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिब |

**११)समन्वय, सहजिकरण, अनुगमन समितिको काम, कर्तब्य र अधिकारः-**

११.१ कार्यक्रम कार्यान्वयन सम्बन्धि आबश्यक नीतिगत ब्यबस्था गर्ने ।

११.२ कार्यक्रम कार्यान्वयनका लागी आबश्यक समन्वय गर्न सम्बन्धित सरोकारवाला लाई आबश्यक निर्देशन दिने ।

११.३ माटोको उपयोग सम्बन्धि प्रगति समिक्षा गर्ने ।

११.४ कार्यक्रम कार्यान्वयनको क्रममा आइपर्ने बाधा अड्चन फुकाउने ।

११.५ कार्यक्रमको अनुगमन मुल्यांकन गरी गाउँकार्यपालिकामा प्रतिबेदन पेश गर्ने ।

**१२) बैठक सम्बन्धि कार्यबिधिः**-समन्वय समितिको बैठक सम्बन्धि कार्यबिधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**१३) संरक्षण र सम्बर्धन :-** खानी वरपर बसोबास गर्ने स्थानिय बासिन्दा र बाताबरणलाइ प्रतिकुल प्रभाव पर्नेगरी माटोको उत्खनन् र ओसारपसार गर्न पाइनेछैन ।

**(१४) बिबिधः**

१४.१निर्देशन पालना गर्नुपर्ने-गाउँकार्यपालिकाले समन्वय, सहजिकरण, अनुगमन र कार्यकम कार्यान्वयनको शिलशिलामा दिएको निर्देशन समितिले पालना गर्नुपर्नेछ ।

१४.२ बिबादको समाधान- कार्यकम कार्यान्वयनको शिलशिलामा कुनै बिबाद उत्पन्न भएमा समन्वय, सहजिकरण तथा अनुगमन समितिले दिएको निर्देशन अन्तिम हुनेछ ।

१४.३ प्रचलित कानुन बमोजिम हुने-यस कार्यबिधिमा लेखिएको बिषयमा यसै बमोजिम र नलेखिएको बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमाणीकरण मिति : २०७५/०६/१२**

**आज्ञाले,**
**चन्द्रकात बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**